☎ ०७८-५४०१७०, ५४११९६ फ्याक्स : ०७८-५४०४१५
E-mail : info@kawasotimun.gov.np
Website : kawasotimun.gov.np

# कावासोती नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
शिवमन्दिर, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल

## गणक र सुपरिवेक्षक करारमा पदपुर्ति गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति:- २०७८-०८-१७)

प्रस्तुत बिषयमा यस कावासोती नगरपालिकामा आवश्यक गणक (खरिदार सरह) र सुपरिवेक्षक (ना.सु.सरह) पद करारमा पदपुर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिन भित्र माग बमोजिमका विवरण र राजस्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ।

| क्र.सं | विज्ञापन नं | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | २/२०७८/०७९ | गणक | स्थानीय सेवाको चौथो तह सरह | ८ |
| २ | ३/२०७८/०७९ | सुपरिवेक्षक | स्थानीय सेवाको पाँचौ तह सरह | १ |

१. आवश्यक न्युनतम योग्यता र अनुभव :-

क) गणक पदका लागिः

अ) मान्यता प्राप्त शिक्षण संस्थाबाट तथ्यांक शास्त्र वा जनसंख्या वा अर्थशास्त्र वा गणित विषय सहित कुनै विषयमा कम्तिमा प्रविणता पत्र तह वा सो सरह उत्तीर्ण गरेको र कम्प्युटर सम्बन्धी आधारभुत ज्ञान भएको।

आ) उमेरः कम्तीमा १८ बर्ष पुरा भई ४० बर्ष ननाघेको।

इ) सम्बन्धित स्थानीय तहका बासिन्दालाई प्राथमिकता दिइने।

ख) सुपरिवेक्षक पदका लागिः

अ) मान्यता प्राप्त शिक्षण संस्थाबाट तथ्यांक शास्त्र वा जनसंख्या वा अर्थशास्त्र वा गणित विषय सहित कुनै विषयमा कम्तिमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको र कम्प्युटर सम्बन्धी आधारभुत ज्ञान भएको।

आ) उमेरः कम्तीमा १८ बर्ष पुरा भई ४० बर्ष ननाघेको।

इ) सम्बन्धित स्थानीय तहका बासिन्दालाई प्राथमिकता दिइने।

२. दरखास्त दिने स्थान:- कावासोती नगर कार्यपालिकाको कार्यालय

३. दरखास्त दिने अन्तिम मिति:- २०७८/०९/०२ गतेसम्म।     ४. आवेदन दस्तुर:- रु. ५००।-

५. छनौटको किसिम:- प्रारम्भिक योग्यताक्रमको सुची प्रकाशन, लिखित र अन्तर्वार्ता।

६. पाठ्यक्रमः न्युनतम शैक्षिक योग्यता र ज्ञानसँग सम्बन्धित बिषयहरु हुनेछन्।

७. आवेदनका साथ संलग्न कागजातहरु:- आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरुः

– नागरिकता – न्युनतम योग्यताको लब्धांक प्रमाणपत्र – चारित्रिक प्रमाणपत्र
– अनुभव खुल्ने कागजात – २ प्रति पासपोर्ट साईजको फोटो

८. सेवा सुविधा तथा अवधिः कार्यक्रममा निर्धारणा भए बमोजिम, ५ महिना।

९. सम्पादित गर्नुपर्ने कार्यविवरण :- गरिव परिवार पहिचान तथा परिचय पत्र वितरण निर्देशिका २०७५ मा उल्लेख भए बमोजिम हुनेछ।

**नोट/अन्य जानकारी:** गरिव परिवार पहिचान तथा परिचय पत्र वितरण निर्देशिका २०७५ भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको www.molcpa.gov.np वा www.kawasotimun.gov.np मा उपलब्ध छ।

२०७८।८।१७

..................
(रमेश घले)
प्रमुख प्रशासकीय अधिकृत

E-mail : kawasotimunicipality2014@gmail.com